# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क ३
(२०८१ असार १७ गतेदेखि असोज १४ गतेसम्म)


## कर्णाली प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

इन्सेक कर्णाली प्रदेश कार्यालयद्वारा यस प्रदेशको मानव अधिकारको अवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रूपमा स्थिति सूचक प्रकाशन गर्दै आएको छ।

सन् २०२४ जुलाईदेखि २०२४ सेप्टेम्बरसम्मको अवधिमा यस प्रदेशका इन्सेक जिल्ला प्रतिनिधिहरुले प्रत्यक्ष अनुगमनबाट प्राप्त गरेका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका प्रतिनिधिमूलक घटनाहरुलाई यस प्रकाशनमा समावेश गरिएको छ।

कर्णाली प्रदेशमा सन् २०२४ को तेस्रो त्रैमासिक (जुलाइदेखि सेप्टेम्बरसम्म) को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई हेर्ने हो भने अन्यपक्षबाट महिला तथा बाल अधिकार हनन् बाहेक राज्यपक्षबाट उल्लङ्घनका घटनाहरू उल्लेखनीय र गम्भीर प्रकृतिका भएनन्।

तथापि अन्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूमा महिला तथा बालबालिका पीडित भएका छन्। विशेष गरी महिला तथा बालिकाहरू बलात्कार तथा यौन जन्य हिंसाका घटनामा पीडित भएका छन्। यो अवधिमा आठ वर्षीया बालिका र ५० वर्षीया महिलासम्म यौनजन्य हिंसाबाट पीडित भए।

कर्णाली प्रदेशको अभिलेख अनुसार सन् २०२४ को दोस्रो तीन महिनाको अवधिमा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय १३ जना महिला र २५ जना बालिका पीडित भए। जसमा राज्यपक्षबाट कुटपिट, अमानवीय व्यवहार र धम्किको घटनामा तीन जना पीडित भए। यस अवधिमा एक जनाको कारागारमा मृत्यु भयो।

यसैगरी अन्यपक्षबाट पुरुष, महिला र बालिका गरी १ सय ६१ जना पीडित भए। अभिलेखित घटना अनुसार दुई जना महिलासहित पाँच जनाको हत्या भयो। यसैगरी कुटपिटबाट पाँच जना, अमानवीय व्यवहारबाट तीन जना, घाइतेबाट पाँच जना र धम्किबाट एक जना पीडित भए। यो अवधिमा बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना पीडित भए। जसमध्ये २३ जना बालिका

बलात्कार, एक जना बालिका बेचबिखन र एक जना बालिका यौन दुर्व्यवहारबाट पीडित भए।

यसैगरी सबै भन्दा बढी महिला अधिकार उल्लङ्घनका घटनामा १ सय १३ जना महिला पीडित भए। जसमध्ये ३१ जना बलात्कार, ७६ जना महिला घरेलु हिंसा, एक जना महिला बोक्सीको आरोप र पाँच जना महिला बहुविवाहका घटनामा पीडित भए।

कर्णाली प्रदेशको साविक कर्णालीका केही स्थानमा खाद्यान्न अभाव, भूकम्पपछि विद्यालयका भवन समयमा निर्माण नहुँदा पठनपाठनमा समस्या, दरवन्दी अनुसार शिक्षक नहुँदा पठनपाठनमा समस्या, अविरल वर्षाका कारण हुम्ला जिल्लाको सिमकोट गाउँपालिका–५, बालमन्दिर माविका विद्यार्थी चौरमा बसेर पठन बाध्य भएका लगायतका घटना यस अवधिमा भएको पाइयो। भूकम्पपछि घरवारविहिन भएका जनता अस्थायी आवासमा सुरक्षित बस्न बनाएका टहरा पहिरोले बगाउँदा तीन जनाको यस अवधिमा मृत्यु भयो। मृत्यु हुनेमा जाजरकोट जिल्ला नलगाड गाउँपालिका–२, डाँडागाउँका एकै घरका थिए।

**नारायण सुवेदी**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जुलाई–सेप्टेम्बर २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | | | २ | ३ | ५ | ५ |
| कुटपिट | | १ | १ | १ | ४ | ५ | ६ |
| बाल अधिकार | | | | २५ | | २५ | २५ |
| कारागारमा मृत्यु | | १ | १ | | | | १ |
| हत्या | | | | २ | ३ | ५ | ५ |
| महिला अधिकार | | | | ११३ | | ११३ | ११३ |
| अमानवीय व्यवहार | १ | | १ | १ | २ | ३ | ४ |
| धम्की | | १ | १ | १ | | १ | १ |
| जम्मा | १ | ३ | ४ | १४६ | ११ | १५७ | १६१ |

# कर्णाली प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८१ असार १७ गतेदेखि असोज १४ गतेसम्म)

### कारागारमा मृत्यु

#### जुम्ला

खत्याड गाउँपालिका-३, मुगु घरभई हाल जुम्ला कारागारमा रहेका ३४ वर्षीय प्रदिप टमटाको ०८१ साउन २० गते मृत्यु भयो। उच्च रक्तचापका कारण कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा मृत्यु भएको जेलर जयाप्रसाद पाण्डेले बताए। साउन २० गते बिहानै व्याडमिन्टन खेल खेलिसकेपछि खाना खानु अघि छाती दुख्यो भनेर कारागारको गल्लीमा ढलेको उनले बताए। उच्च अदालत सुर्खेत, जुम्ला इजलासले बलात्कार घटनामा प्रदिपलाई पाँच वर्ष कैद सजाय तोकेको थियो। उनी ०७९ साउन २७ गते जुम्ला कारागारमा आएका हुन्। उनले तीन वर्ष कैद भुक्तान गरिसकेका थिए। उच्च र जिल्ला अदालतले उनलाई दोषी ठहराएको थियो।

### धम्की

#### हुम्ला

खार्पुनाथ गाउँपालिका-५ याङचुका स्थानीय ३३ वर्षीय धनबहादुर परियारलाई मुगु जिल्ला घर भइ खार्पुनाथ गाउँपालिका-५ स्थित याङचु प्रहरी चौकीमा कार्यरत सई ४५ वर्षीय लोकजन बुढाले ०८१ भदौ १९ गते धम्की दिएको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। गाउँपालिका कार्यालय नजिकै रहेको स्थानमा परियारको तरकारी बारी र प्रहरी चौकीसँगै रहेकोले उक्त बारीमा जाँदा आउँदा अपशब्द बोल्नुका साथै सई बुढाले बाटो बन्द गर्ने, ड्रममा तरकारीका लागि बनाएको मललाई खनाएर खेर फालिदिने, मदिरा सेवन गरी दलित भनेर आफू र आफ्नी पत्नीलाई धम्क्याउने गरेको पीडित पक्षले आरोप लगायो। पटक पटक धम्कीपूर्ण भाषा बोलेको भन्दै पीडितले उजुरी दिएपछि भदौ २२ गते नै सई बुढाको ठाउँमा अर्को इन्चार्ज खटाई सई बुढालाई अर्को ठाउँमा पठाएर कार्वाही गरिएको इन्स्पेक्टर नरेन्द्रबहादुर चन्दले बताए।

### अमानवीय व्यवहार

#### दैलेख

चामुण्डाबिन्द्रासैनी नगरपालिका-४ का वडासचिव २५ वर्षीय गोपीप्रसाद जैसीलाई ०८१ भदौ ४ गते जन्मदर्ता बनाउने विषयमा विवाद हुँदा दुर्व्यवहार गरेको भन्दै चामुण्डाबिन्द्रासैनी नगरपालिका-४ का २३ वर्षीय हिक्मत शाही ठकुरीविरुद्ध पीडित पक्षले भदौ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ ५ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध भदौ २८ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गर्‍यो। प्रमुख जिल्ला अधिकारी खिमराज भुसालको भदौ २८ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो।

#### सुर्खेत

भेरीगंगा नगरपालिका-२ कालपानीका ६९ वर्षीय लालबहादुर नेपालीलाई ०८१ असार २५ गते डुम, कामी, अबुतो भन्दै दुर्व्यवहार सोही ठाउँको मोहटी बस्ने २५ वर्षीय गगन बुढाविरुद्ध पीडित पक्षले साउन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन १९ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध भदौ १४ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको भदौ १६ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा गर्‍यो।

### बाल अधिकार

#### मानव बेचबिखन तथा ओसारपसार

#### सुर्खेत

१६ वर्षीया बालिकालाई ०८१ भदौ ११ गते बेचबिखन तथा ओसारपसार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-१२ का ५५ वर्षीय मोहन थापा भन्ने मोहनबहादुर थापा मगरविरुद्ध पीडित पक्षले भदौ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ ११ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण भदौ ११ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध असोज ४ गते जिल्ला सरकारी

## बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२४ जुलाई–सेप्टेम्बर)

| | |
|---|---|
| बेचबिखन तथा ओसारपसार | १ |
| बलात्कार | २३ |
| यौन दुर्व्यवहार | १ |
| जम्मा | २५ |

वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मानव ओसारपसार तथा शरीरबन्धक गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असोज ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### बलात्कार, यौनदुर्व्यवहार

**जुम्ला**

१७ वर्षीया बालिकालाई ०८१ साउन २२ गते बलात्कार गरेको भन्दै चन्दननाथ नगरपालिका-५ का २८ वर्षीय सूर्यप्रसाद श्रेष्ठविरुद्ध पीडित पक्षले साउन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन २५ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालय मार्फत भदौ १८ गते जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१० वर्षीया बालिकालाई ०८१ साउन २५ गते बलात्कार गरेको भन्दै कनकासुन्दरी गाउँपालिका-५ सिम्पाटीका ४५ वर्षीय बलबिरे सार्कीविरुद्ध पीडित पक्षले साउन ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन ३२ गते कर्णाली स्वास्थ्य विज्ञापन प्रतिष्ठानमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

**कालिकोट**

आठ वर्षीया बालिकालाई ०८१ साउन १ गते बलात्कार गरेका भन्दै नरहरिनाथ गाउँपालिका-८ का ६८ वर्षीय रगुजन विकविरुद्ध पीडित पक्षले साउन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ८ गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन ७ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध साउन १६ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ साउन ५ गते बलात्कार गरेको भन्दै जुम्लाको कन्कासुन्दरी गाउँपालिका-५ का २१ वर्षीय नवीनराज बडुवालविरुद्ध पीडित पक्षले साउन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ८ गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन ७ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध साउन २७ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**दैलेख**

१४ वर्षीया बालिकालाई ०८१ साउन ३ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले साउन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन ५ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन २४ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बाल सुधार गृह, नेपालगञ्जमा पठायो।

१३ वर्षीया बालिकालाई ०८१ असार १२ गते यौन दुर्व्यवहार गरेको भन्दै दुल्लू नगरपालिका-१२, गौरीका ५४ वर्षीय पदमे सार्कीविरुद्ध पीडित पक्षले असार १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १३ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन ६ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता

गऱ्यो। जिल्ला अदालतको साउन ७ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

**रुकुम पश्चिम**

१३ वर्षीया बालिकालाई ०८१ साउन १५ गते बलात्कार गरेको भन्दै चौरजहारी नगरपालिका-१ बस्ने ३६ वर्षीय शिखर भण्डारी, ३७ वर्षीय धर्भरजा विक, २६ वर्षीय तिलकराज गिरी र २३ वर्षीय रोमनकिग गोसाईविरुद्ध पीडित पक्षले साउन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले साउन १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन १६ गते जिल्ला अस्पताल सल्लेमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ ५ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ ५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने धर्मराजलाई ३ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१४ वर्षीया बालिकालाई ०८१ असार २१ गते यौन दुर्व्यवहार गरेको भन्दै मुसिकोट नगरपालिका-१३ भुमाका ३२ वर्षीय कुवेर ओलीविरुद्ध पीडित पक्षले साउन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन २३ गते जिल्ला अस्पताल सल्लेमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ ११ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**सल्यान**

पाँच वर्षीया बालिकालाई ०८१ असार ८ गते बलात्कार गरेको भन्दै त्रिवेणी गाउँपालिका-१ का ३८ वर्षीय ताराबहादुर घर्तीविरुद्ध पीडित पक्षले साउन ५ गते इलाका प्रहरी कार्यालय, लुहाममा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ५ गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन २३ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन २८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१० वर्षीया बालिकालाई ०८१ असार ३० गते बलात्कार गरेको भन्दै ५९ वर्षीय बुबाविरुद्ध पीडित पक्षले असार ३० गते जिला प्रहरी कार्यालयमा उजुरी दियो। घटना लगत्तै फरार रहेका आरोपितको अनुसन्धानका क्रममा असार ३१ गते घर नजिक झुण्डिएको अवस्थामा मृत भेटिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर भवानीप्रसाद धमालाले जानकारी दिए। पीडितको स्वास्थ्य परीक्षण असार ३० गते जिल्ला अस्पतालमा भयो। बुबाको शवको पोष्टमार्टम असार ३१ गते जिल्ला अस्पताल गरी सोही दिन परिवारले शव बुझी सत्गद गरे। प्रहरीले आरोपितविरुद्ध भदौ ७ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो।

**सुर्खेत**

१२ वर्षीया बालिकालाई ०८१ असार १५ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-१३ का १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले ०८१ असार १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १८ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन १७ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ साउन ६ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-१३ का २१ वर्षीय सुमन मगरविरुद्ध पीडित पक्षले साउन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन २४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। आरोपित हालसम्म फरार छन्।

१२ वर्षीया बालिकालाई ०८१ असार २३ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-१० का १९ वर्षीय अरुण सिंहविरुद्ध पीडित पक्षले असार २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार २३ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन २१ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८१ साउन १५ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-४ का १५ वर्षीय बालक विरुद्ध पीडित पक्षले साउन १८ गते

जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन १७ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

१७ वर्षीया बालिकालाई ०८१ साउन २० गते बलात्कार गरेको भन्दै भेरीगंगा नगरपालिका-१२ का २७ वर्षीय सबिन चन्दविरुद्ध पीडित पक्षले साउन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन २४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ २३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ साउन ९ गते बलात्कार गरेको भन्दै पञ्चपुरी नगरपालिका-३ का २१ वर्षीय तिलक रोकायविरुद्ध पीडित पक्षले साउन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन १३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन १० गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ ५ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ साउन २० गते बलात्कार गरेको भन्दै चौकुने गाउँपालिका-८ का २५ वर्षीय विनोद थारुविरुद्ध पीडित पक्षले साउन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन २१ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ १६ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ साउन ३ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-१ का २८ वर्षीय तर्कबहादुर शाहीविरुद्ध पीडित पक्षले साउन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ४ गते नै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन ४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन २७ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८१ साउन १७ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-११ का २१ वर्षीय रामप्रसाद अधिकारीविरुद्ध पीडित पक्षले साउन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन १८ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ १३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१० वर्षीया बालिकालाई ०८१ साउन ३ गते बलात्कार गरेको भन्दै बराहताल गाउँपालिका-१० का १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले साउन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन २० गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ १२ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बाल सुधार गृह, नेपालगञ्जमा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ साउन ४ गते बलात्कार गरेको भन्दै बराहाताल गाउँपालीका-२ का २२ वर्षीय रबिर्ख कठायतविरुद्ध पीडित पक्षले असोज ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज ६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असोज ५ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

१७ वर्षीया बालिकालाई ०८१ भदौ २१ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-१ का ४९ वर्षीय गगनबहादुर विश्वकर्माविरुद्ध पीडित पक्षले भदौ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ २३ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध असोज १८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असोज १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ भदौ १९ गते बलात्कार गरेको भन्दै सिम्ता गाउँपालिका-८, डाँडाखालीका २५ वर्षीय युवराज रानाविरुद्ध पीडित पक्षले असोज ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असोज ६ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

१४ वर्षीया बालिकालाई ०८१ भदौ २८ गते बलात्कार गरेको भन्दै लेकवेशी नगरपालिका-९ का ६२ वर्षीय टिकाराम वास्तोलाविरुद्ध पीडित पक्षले असोज ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असोज ८ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

१२ वर्षीया बालिकालाई ०८१ भदौ २५ गते यौन दुर्व्यवहार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-१ का २८ वर्षीय पुष्पराज बुढाविरुद्ध पीडित पक्षले भदौ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भदौ २७ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

### डोल्पा

१८ वर्षीया युवतीलाई ०८१ साउन २५ गते बलात्कार गरेको भन्दै रोल्पा जिल्लाको थवाङ गाउँपालिका-४ का २२ वर्षीय जिरामान रोकाविरुद्ध पीडित पक्षले भदौ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भदौ ११ गते जिल्ला अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

१८ वर्षीया युवतीलाई ०८१ भदौ २८ गते बलात्कार गरेको भन्दै पातारासी गाउँपालिका-५ घर भइ हाल जगदुल्ला गाउँपालिका-४ बस्ने ३० वर्षीय रतनबहादुर बुढाविरुद्ध पीडित पक्षले भदौ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ ३० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ ३१ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध असोज १५ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असोज १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### मुगु

१८ वर्षीया युवतीलाई ०८१ भदौ ५ गते बलात्कार गरेका भन्दै छायानाथ रारा नगरपालिका-१२ का २४ वर्षीय विष्णु भन्ने पुन्न विकविरुद्ध पीडित पक्षले भदौ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ १९ गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ १९ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध असोज ७ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असोज १० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### कालिकोट

४५ वर्षीया महिलालाई ०८१ साउन ५ गते बलात्कार गरेको भन्दै पलाता गाउँपालिका-२ का ४८ वर्षीय जन्म जैशीविरुद्ध पीडित पक्षले साउन १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन १३ गते जिल्ला अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार रहेकोले थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवम् इन्स्पेक्टर पोषण थापाले जानकारी दिए।

२१ वर्षीया महिलालाई ०८१ भदौ ११ गते बलात्कार गरेको भन्दै दैलेख जिल्लाको ठाटिकाँध गाउँपालिका-३ का २४ वर्षीय दिपेन्द्र बमविरुद्ध पीडित पक्षले भदौ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ २५ गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ १६ गते जिल्ला अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म प्रहरीको हिरासतमा छन्।

२४ वर्षीया महिलालाई ०८१ असोज ४ गते बलात्कार गरेको भन्दै खाँडाचक्र नगरपालिका-१ का २६ वर्षीय अशोक विकविरुद्ध पीडित पक्षले असोज ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज ८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असोज ६ गते जिल्ला अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म प्रहरीको हिरासतमा छन्।

### दैलेख

५० वर्षीया महिलालाई ०८१ साउन ४ गते बलात्कार गरेको भन्दै भैरबी गाउँपालिका-६ रावतकोटका ३२ वर्षीय बीरेन्द्र बिष्टविरुद्ध पीडित पक्षले साउन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन ५ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन २९ गते जिल्ला सरकारी वकिल

## महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या
## (सन् २०२४ को जुलाई-सेप्टेम्बर)

| | |
|---|---|
| बलात्कार | ३१ |
| घरेलु हिंसा | ७६ |
| बहुविवाह | ५ |
| 'बोक्सी'को आरोपमा | १ |
| जम्मा | ११३ |

कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२९ वर्षीया महिलालाई ०८० पुस २० गते बलात्कार गरेको भन्दै दुल्लू नगरपालिका-९ पादुकाका ३१ वर्षीय उपेन्द्र भण्डारीविरुद्ध पीडित पक्षले चैत २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत २५ गते दैलेख अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्। प्रहरीले आरोपितविरुद्ध ०८१ असार ६ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो।

१९ वर्षीया युवतीलाई ०८१ साउन २५ गते बलात्कार गरेको भन्दै कालिकोटको पचाल झरना गाउँपालिका-१, सिकुगाउँको २६ वर्षीय गोबिन्द बोगटीविरुद्ध पीडित पक्षले साउन ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन ३२ गते दैलेख अस्पतालमा भयो। फरार आरोपितलाई प्रहरीले भदौ १८ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध असोज ८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असोज ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### जाजरकोट

३० वर्षीया महिलालाई ०८१ भदौ २ गते बलात्कार गरेको भन्दै भेरी नगरपालिका-७ का २० वर्षीय प्रेम रोकायविरुद्ध पीडित पक्षले भदौ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ ३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ ३ गते जाजरकोट जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध भदौ १८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### रुकुम पश्चिम

१८ वर्षीया युवतीलाई ०८० चैत १२ गते बलात्कार गरेको भन्दै चौरजहारी नगरपालिका-१३ का ३१ वर्षीय रामबहादुर खत्रीविरुद्ध पीडित पक्षले भदौ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ १२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ १२ गते जिल्ला अस्पताल, सल्लेमा भयो। प्रहरीले आरोपितविरुद्ध असोज ६ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असोज ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### सल्यान

अपाङ्गता भएकी ३० वर्षीया महिलालाई ०८१ साउन १३ गते बलात्कार गरेका भन्दै छत्रेश्वरी गाउँपालिका-५, दियारगाउँका ४९ वर्षीय सुमन घर्ती मगर भन्ने ताराबहादुर घर्तीविरुद्ध पीडित पक्षले साउन १४ गते इलाका प्रहरी कार्यालय, लुहाममा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन १४ गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन १४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन २८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२३ वर्षीया महिलालाई ०८१ असार ३१ गते बलात्कार गरेको भन्दै बन्गाड कुपिण्डे नगरपालिका-१, देवस्थलका २१ वर्षीय बसन्त बुढा र जाजरकोट जिल्लाको जुनीचाँदे गाउँपालिका-८ घर भई हाल सल्यान जिल्लाको बनगाड कुपिण्डे नगरपालिका-१, देवस्थल बस्ने २४ वर्षीय मानबहादुर रावतविरुद्ध पीडित पक्षले साउन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपित मानबहादुरलाई प्रहरीले साउन ८ गिरफ्तार गऱ्यो भने आरोपित बसन्त बुढा हालसम्म फरार छन्। पीडितको स्वास्थ्य परीक्षण साउन १ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन २७ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

४३ वर्षीया महिलालाई ०८१ असार १९ गते बलात्कार गरेको भन्दै त्रिवेणी गाउँपालिका-३, टोट्केका ४२ वर्षीय टोपबहादुर वलीविरुद्ध पीडित पक्षले असार २० गते इलाका प्रहरी कार्यालय, लुहाममा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार २० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन ११ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**सुर्खेत**

१९ वर्षीया युवतीलाई ०८१ असार ५ गते बलात्कार गरेको भन्दै बराहताल गाउँपालिका-९ का ३१ वर्षीय डिल बुढाविरुद्ध पीडित पक्षले ०८१ असार १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १८ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन १३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको ०८१ साउन १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२८ वर्षीया महिलालाई ०८१ असार १३ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-४ का ३३ वर्षीय अर्जुनबहादुर थापा मगरविरुद्ध पीडित पक्षले ०८१ असार २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार २२ गते प्रदेश सुर्खेतमा अस्पतालमा भयो। आरोपित हालसम्म फरार छन्।

४० वर्षीया महिलालाई ०८१ असार ४ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-३ का ३४ वर्षीय कर्णविर महताराविरुद्ध पीडित पक्षले ०८१ असार २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार २३ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन १७ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको ०८१ साउन १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२७ वर्षीया महिलालाई ०८१ असार १४ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-३ का ३३ वर्षीय अर्जुन थापा मगरविरुद्ध पीडित पक्षले ०८१ असार २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार २४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन २१ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको ०८१ साउन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१९ वर्षीया किशोरीलाई ०८१ साउन २६ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-९ का २४ वर्षीय तुलराम बुढाविरुद्ध पीडित पक्षले भदौ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले  भदौ १८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन १७ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध असोज १३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असोज १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३९ वर्षीया महिलालाई ०८१ साउन २१ गते बलात्कार गरेको भन्दै भेरीगंगा नगरपालिका-१२ का ३९ वर्षीय भिमबहादुर कामीविरुद्ध पीडित पक्षले साउन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन २४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ १८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ २५ गतेको इजलासले आरोपितलाई

पुर्पक्षका लागि थुनामा पठायो।

२७ वर्षीया महिलालाई ०८१ साउन २२ गते बलात्कार गरेको भन्दै भेरीगंगा नगरपालिका-१३ का २५ वर्षीय विरेन्द्र थापाविरुद्ध पीडित पक्षले साउन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन २४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ १६ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३३ वर्षीया महिलालाई ०८१ साउन ३ गते बलात्कार गरेको भन्दै गुर्भाकोट नगरपालिका-१३ का ४३ वर्षीय तिलक प्रसाद जैशीविरुद्ध पीडित पक्षले साउन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन ५ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन २८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३० वर्षीया महिलालाई ०८१ साउन ९ गते बलात्कार गरेको भन्दै चौकुने गाउँपालिका-६ का ३७ वर्षीय धर्मराज जैसीविरुद्ध पीडित पक्षले साउन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन १० गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। आरोपित हालसम्म फरार छन्।

१८ वर्षीया युवतीलाई ०८१ साउन १३ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-६ का २२ वर्षीय टेकबहादुर बुढाविरुद्ध पीडित पक्षले साउन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन १४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। आरोपित हालसम्म फरार छन्।

३० वर्षीया महिलालाई ०८१ साउन ९ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-७ का ३७ वर्षीय उदीराम डाँगीविरुद्ध पीडित पक्षले साउन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन १८ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ १७ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१८ वर्षीया युवतीलाई ०८१ भदौ १८ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-३ का १३ वर्षीय सन्तोष कुमार थापाविरुद्ध पीडित पक्षले भदौ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भदौ २० गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

१८ वर्षीया युवतीलाई ०८१ साउन १८ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-३ का २२ वर्षीय गणेश ताम्राकारविरुद्ध पीडित पक्षले साउन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन २० गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध भदौ १८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२१ वर्षीया युवतीलाई ०८१ भदौ २८ गते बलात्कार गरेको भन्दै पञ्चपुरी नगरपालिका-१०, गल्फाका ५१ वर्षीय कमानसिंह भुलविरुद्ध पीडित पक्षले भदौ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ ३० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ ३० गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। प्रहरीले आरोपितविरुद्ध असोज २० गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असोज २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२७ वर्षीया महिलालाई ०८१ भदौ २३ गते बलात्कार गरेको भन्दै गुर्भाकोट नगरपालिका-१०, खर्राचौरका २८ वर्षीय प्रेम बहादुर वलीविरुद्ध पीडित पक्षले भदौ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भदौ २४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

३१ वर्षीया महिलालाई ०८१ असार १९ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-३, का २९ वर्षीय जनकबहादुर रावतविरुद्ध पीडित पक्षले असोज ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असोज १० गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

१९ वर्षीया युवतीलाई ०८१ असार १८ गते बलात्कार गरेको भन्दै लेकवेशी नगरपालिका-१ का ३१ वर्षीय गोबिन्द फौजाविरुद्ध पीडित पक्षले असोज ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज ५ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण असोज ४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

**बोक्सीको आरोपमा**

**दैलेख**

चामुण्डाबिन्द्रासैनी नगरपालिका-६, लैनचौरकी ४५ वर्षीया चन्द्रा नेपालीलाई ०८१ भदौ ७ गते कथित बोक्सीको आरोप लगाएको भन्दै चामुण्डाबिन्द्रासैनी नगरपालिका-६, लैनचौरकी ३० वर्षीया दिपा नेपाली, ५० वर्षीया सितली नेपाली र ७० वर्षीय नौले नेपालीविरुद्ध पीडित पक्षले भदौ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घटनाका आरोपितहरू हालसम्म फरार छन्।


*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**कर्णाली प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार/संयोजन** : नारायण सुवेदी, **सम्पादन** : सोम नेपाली



वीरेन्द्रनगर नगरपालिका–७, इत्राम, सुर्खेत, फोन : ०८३–५२१४८९

इमेल : surkhet@insec.org.np, Website : www.inseconline.org